संयुक्त राष्ट्रसङ्घीय
मानवअधिकार उच्चायुक्तको कार्यालय

उच्चायुक्तको कार्यालय

# प्रेस विज्ञप्ति

---

## संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार प्रमुखका अनुसार अहिले पनि सबै देशमा महिलाहरूमाथि भेदभाव गरिन्छ

जेनेभा (उच्चायुक्तको कार्यालय) – महिलाविरुद्ध भेदभाव गर्ने कानुन अहिले पनि संसारका प्राय सबै देशका विधानमा पाइन्छन् र ती कानुनलाई संशोधन वा खारेज गर्ने राज्यका निरन्तरका प्रतिज्ञाहरूको सम्मान भइरहेको छैन, संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्त लुइस आर्बरले शुक्रबार भन्नुभयो।

अन्तर्राष्ट्रिय महिला दिवसको पूर्वसन्ध्यामा बोल्दै आर्बरले भर्खरै सार्वजनिक भएको उच्चायुक्तको कार्यालयद्वारा तयार प्रतिवेदनले "सबै प्रकारका सामाजिक, आर्थिक तथा राजनैतिक परिदृश्यमा महिला र पुरुषबीच साँचो कानुनी समानता निर्माण गर्नमा भएको यस विफलताले धेरै राष्ट्रका महिलाहरूमाथि कहिलेकाहीं विनाशकारी हदसम्मको हानिकारक प्रभाव पारिरहेको छ-" भन्ने देखाउँछ भन्नुभयो।

सायद सबैभन्दा घातक तथा खतरनाक भेदभावभित्र त्यस्तो यौन दुर्व्यवहार पर्दछ जसलाई कुनै राष्ट्रको कानुनअन्तर्गत मान्यता दिइएको हुँदैन वा परिणामस्वरूप अस्पष्ट वा कार्यान्वयन नगरिएको कानुनले त्यसलाई मानेको हुन्छ। "धेरैजसो कानुनी व्यवस्थामा बलात्कारलाई एक अपराधका रूपमा लिइएको छ," आर्बरले भन्नुभयो। "तर, त्यसो भए तापनि, अपर्याप्त कानुन वा स्थानीय परम्पराहरूका कारण कानुनहरू उपयुक्त ढङ्गबाट कार्यान्वयन हुँदैनन्। यसका अतिरिक्त, कम्तीमा ५३ राज्यले अहिले पनि वैवाहिक सम्बन्धभित्र हुने बलात्कारलाई अवैध घोषित गरेका छैनन् र पुरुषहरूले आफ्ना पत्नीविरुद्धका शारीरिक एवं यौनिक हिंसामा बारम्बार पूर्ण दण्डहीनताको उपभोग गर्छन्।

"महिलाहरूलाई संरक्षण गर्ने, उनीहरूका अधिकार सुनिश्चित गर्ने तथा उनीहरूलाई आर्थिक तथा सामाजिक स्वतन्त्रताको सम्भावना प्रदान गर्ने कानुनी खाका अपर्याप्त भएसम्म महिलाविरुद्धका हिंसा अन्त्य गर्ने प्रयास गम्भीररूपमा अवरुद्ध हुनेछन्," आर्बरले भन्नुभयो। "केही राष्ट्रमा कानुनी असमानता एकदम स्पष्ट छन्, अरूमा भने ती अत्यन्त कम स्पष्ट छन्। के कुरा स्पष्ट छ भने, थुप्रै राज्यहरू आफ्ना कानुनको समीक्षा गर्ने तथा संस्थागत भेदभावलाई उन्मूलन गर्ने आफ्नो प्रतिज्ञा पूरा गर्न विफल भइरहेका छन् र परिणामस्वरूप दसौं लाख महिलाहरूले गम्भीर अन्याय सहने क्रम जारी छ।"

भेदभावकारी कानुनहरू अत्यन्त असाधारण स्थिति र गतिविधिहरूको दायरामा विद्यमान रहेका हुन्छन् र तिनमा कुनै अपेक्षाकृत कम महत्वका, अरू अत्यन्त गम्भीर छन्। उदाहरणार्थ, केही राष्ट्रमा विवाहित महिलालाई विवाहपूर्वको थर राखिराख्न निषेध गरिएको छ भने अन्यमा उनीहरूसँग जमिनको स्वामित्व राख्ने वा सम्पत्तिको उत्तराधिकार प्राप्त गर्ने अधिकार छैन। केही राष्ट्रमा पुरूष अभिभावकहरूका साथमा बाहेक महिलाहरूलाई आवतजावत गर्ने स्वतन्त्रता छैन र अन्य राष्ट्रमा उनीहरूका शिक्षा तथा रोजगारीका सम्भावना अत्यन्त नियन्त्रित छन् र उनीहरूले सार्वजनिक कार्यालयमा काम गर्न पाउँदैनन्।

केही नागरिकतासम्बन्धी कानुनले महिलाहरूलाई आफ्नो नामबाट आफ्ना छोराछोरीलाई नागरिकता दिलाउन दिँदैनन्। कुनै कारणवश बाबुको राष्ट्रियता पनि उपलब्ध नभए छोरा तथा छोरी दुवै राज्यहीनताको अवस्थामा पुग्न विवश हुने स्थिति आउन सक्छ। आफ्ना आमाहरूलाई दिइएको अधिकारको अभावका कारण अन्य तरिकाबाट पनि बालबालिकाहरू पीडित हुन्छन्: धेरैवटा घटनामा जति नै दुर्व्यवहारकारी, हिंसात्मक वा गैरजिम्मेवार भए तापनि पुरुषहरूले आफ्ना छोराछोरीमाथि पूर्ण नियन्त्रण राखेका हुन्छन् र तिनका आमाहरू सीमान्तकृत हुन्छन्।

सन् १९९५ मा बेइजिङमा भएको चौथो महिला विश्व सम्मेलन तथा त्यसका अनुवर्ती कार्यका सन्दर्भमा विश्वका सरकारहरूले भेदभावकारी कानुनहरूलाई हटाउन तथा संशोधन गर्न व्यापक प्रतिबद्धता गरेका छन्। महिलाविरूद्धका सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि अनुमोदन गर्ने १८५ राज्य तथा अन्य आधारभूत मानवअधिकार सन्धिहरू अनुमोदन गर्ने राज्यहरूले त्यस्तै प्रतिबद्धताहरू व्यक्त गरेका छन्।

"धेरै राज्यहरूले आफूले गरेका प्रतिबद्धताहरूलाई सजिलै बेवास्ता गरेको देखिन्छ," आर्बरले भन्नुभयो। "मानवअधिकारको विश्वव्यापी घोषणापत्रको ६०औं वार्षिकोत्सवको वर्षमा विश्वभरका धेरै महिलाले मौलिक अधिकारको अझै उपभोग गर्न नपाउनु लज्जास्पद छ। केही घटनामा, उनीहरू जाति, उमेर वा अपाङ्गता एवं उनीहरूको लिङ्गजस्ता कैयौं प्रकारका भेदभावबाट पीडित हुन्छन्। राज्यहरूले आफ्ना प्रतिबद्धतालाई गम्भीरतापूर्वक नलिएसम्म महिला तथा बालिकाहरूमाथिको लगानी कुरा मात्र हुनेछ।